म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २४ बिहीबार ६ भदौ २०८१ ने. सं. ११४४ गुँलागा 22 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पहिरोले मनहरी-चैनपुर सडक अवरुद्ध

हेटौंडा, ५ भदौ/मकवानपुरको पश्चिमीक्षेत्र मनहरी बजारसँग जोडिने राक्सिराङ र कैलाश गाउँपालिकाको ग्रामीण भेगका सडकहरु अविरल वर्षाका कारण अवरुद्ध भएका छन् । मनहरी-चैनपुर सडकका आँपखोल्सी लगायत विभिन्न क्षेत्रमा पहिरो गएकाले राक्सिराङ गाउँपालिकाको केन्द्र रहेको चैनपुरमा सवारीसाधन मंगलबारदेखि आवतजावत गर्न सकेका छैनन् । माथिबाट पहिरो झरेर सडक अवरुद्ध भएकाले मनहरी-चैनपुर सडकमा सवारीसाधन चल्न नसकेको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए ।

मनहरीबाट गाउँपालिका केन्द्र चैनपुर हिडेर पुग्न पनि पहिरोले गर्दा समस्या भएको उनको भनाई छ । गाउँपालिकाको केन्द्र चैनपुरमा पुग्ने अर्को सडक मार्ग सिम्पानी-सरिखेत सडकको विभिन्न भागमा पनि पहिरो गएर अवरुद्ध भएको छ । पानी परिरहेकाले दुवै सडक मार्गमा माथिबाट लेदो झरिरहने भएकाले पैदल हिड्न समस्या भएको अध्यक्ष मल्लले बताए । पानी परिरहेको अवस्थामा पहिरो पन्छ्याउन जोखिमपूर्ण हुने र पहिरो खस्ने डर रहेको उनले बताएका छन् ।

# मुख्यमन्त्री, मन्त्री र मुख्यसचिवबीच कार्यसम्पादन सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ बागमती प्रदेशमा मुख्यमन्त्री बहादुर सिं लामाले १२ जना मन्त्री र प्रदेशका प्रमुखसचिवसँग कार्यसम्पादन करार सम्झौता गरेका छन् ।



प्रदेश सुशासन ऐनको दफा १९ बमोजिम सुशासन कायम गर्न र सरकारका काम कारबाही प्रभावकारी बनाउन कार्यसम्पादन करार सम्झौता गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । यसअघिका मुख्यमन्त्रीहरुले पनि मन्त्री र प्रमुखसचिवसँग कार्यसम्पादन करार सम्झौता गर्दै आएका थिए । तर, सम्झौताअनुसारको सुशासन कायम भए/नभएको र सरकारको काम कारबाहीको प्रभावकारिताबारे सार्वजनिकरुपमा कुनै अध्ययन र अनुसन्धान भएको हालसम्म सार्वजनिक भएको पाईंदैन ।

कार्यसम्पादन करार सम्झौतालाई सरकारका नेतृत्वले परामपरागत कार्यशैलीको रुपमा कर्मकाण्डी मात्रै बनाउँदै आएको सरकारी अधिकारीहरु नै बताउँछन् । सम्झौताको प्रभावकारिताबारे सरकार आफैं गम्भीर नभएको विगतका घटनाले नै देखाउँछ । नेतृत्वसँग सम्झौता गर्ने र सम्झौताको मूल्यांकन नगरी त्यसलाई वेवास्ता गर्ने परिपाटी विगतमा भएका छन् । मुख्यमन्त्री लामाले चालू आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी बनाएर समयमै काम सम्पन्न गर्न करार सम्झौता उपयोगी हुने विश्वास व्यक्त गरे । तर, सरकारको कार्यक्रम कार्यान्वयनको अवस्था २०७५ देखि एउटै लयमा चलिरहेको छ ।

प्रत्येक आर्थिक वर्षको बजेट खर्चको अनुपात र विकास बजेटको खर्चले सरकारको काम कारबाही कमजोर रहेको देखाउँदै आएको छ । बागमतीमा विगतका वर्षदेखि नै कर्मचारी, पदाधिकारीको तलब, भत्तामा धेरै र विकास बजेटमा थोरै खर्च हुँदै आएको छ । बागमती प्रदेशसभाका सभामुख, उपसभामुख सहित १ सय १० सांसद र तिनका स्वकीयहरुको बजेट खर्च र कानुन निर्माणको अवस्थाले प्रदेश सरकार माथि बारम्बार प्रश्न उठ्ने गरेका छन् ।

बुधवार मुख्यमन्त्री लामाले कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठ, भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्के, वन तथा वातावरणमन्त्री कृष्णप्रसाद सिलवाल, उद्योग वाणिज्य भूमि तथा प्रशासनमन्त्री सुकमाया तामाङ, स्वास्थ्यमन्त्री किरण थापा, यातायातमन्त्री प्रेमभक्त महर्जनसँग सम्झौता गरेका हुन् ।

यसैगरी, आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले, सामाजिक विकासमन्त्री हरिप्रभा खड्गी, आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, खानेपानी, ऊर्जा तथा सिंचाईमन्त्री श्याम खड्का, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री विमल ठकुरीसँग कार्यसम्पादन करार सम्झौता भएको हो ।

कार्यसम्पादन करार सम्झौता कार्यक्रममा विनाविभागीय मन्त्री मदुकुमार श्रेष्ठ सहभागी हुन पाएनन् । प्रदेशका प्रमुखसचिव गोविन्दबहादुर कार्कीकाअनुसार मन्त्रालयको जिम्मेवारी तोक्न बाँकी रहेका मन्त्री श्रेष्ठसँग कार्यसम्पादन सम्झौता भएन । मुख्यमन्त्री लामाले श्रेष्ठलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको जिम्मेवारी दिएर राखेका छन् । यसैगरी, कार्यसम्पादन करार सम्झौता कार्यक्रममा युवा तथा खेलकुदमन्त्री मिनकृष्ण महर्जन अस्वस्थताका कारण उपस्थित भएनन् । मन्त्री महर्जनसँग पछि कार्यसम्पादन करार सम्झौता हुने जनाइएको छ ।

१२ जना मन्त्रीले मन्त्रालयका सचिव र प्रमुखसचिव कार्कीले आफू मातहतका कर्मचारीसँग पनि कार्यसम्पादन सम्झौता गर्नेछन् । मुख्यमन्त्री लामाले सरकारको काम जनताले देखिने, बुझिने र सुनिने गरी हुनुपर्ने बताउँदै सम्झौता कार्यान्वयनमा जोडदिन मन्त्री र मुख्यसचिवलाई निर्देशन दिए । कार्यसम्पादन सम्झौताका कारण प्रदेशको बजेट, नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन हुने उनले बताए । 'सबै मन्त्रालयले देखिने काम गरेर नागरिकलाई प्रदेश सरकारका विषयमा रहेका भ्रम चिर्नु अहिलेको आवश्यकता हो', उनले भने ।

मुख्यमन्त्री लामाले आवश्यकता र चाहनाअनुरुप सहजसेवा तथा विकासका काम अघि बढाउनुपर्नेमा जोड दिए । राज्यका स्रोतको उच्चतम सदुपयोग गरी नागरिकको सेवामा समर्पित हुनुपर्ने उनको धारणा छ ।

मुख्यमन्त्री लामाले कार्य सम्पादन मूल्यांकन पछि मन्त्रीहरुको लेखाजोखा हुने बताए । कार्यसम्पादन मूल्यांकनअनुसार प्रदेश सरकारले मन्त्रीहरुको प्रगति समीक्षा गर्ने र सोही अनुसार अंक वितरण गर्ने लामाले बताए । ३/३ महिनामा प्रगति समीक्षा गर्ने लामाको योजना रहेको छ ।

# हेटौंडा अस्पतालमा तरुण दलको ज्ञापनपत्र, मुख्यमन्त्रीको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/नेपाल तरुण दल हेटौंडा नगरसमितिले हेटौंडा अस्पतालको विद्यमान अवस्थामा आँच आउन नदिनका लागि हेटौंडा आस्पतालका मेडिकल सुपरिटेण्डेण्ट समक्ष ज्ञापनपत्र दिएको छ ।



हेटौंडा अस्पतालको मकवानपुर जिल्ला र आसपासका नागरिकलाई स्वास्थ्य सेवाप्रवाहमा लामो र ऐतिहासिक पृष्ठभूमि रहेको भन्दै तरुण दलले स्वास्थ्यकर्मी भर्नाको विषयमा ध्यानाकर्षण गराएको हो । देश संघीयतामा गएपछि हेटौंडा अस्पतालको भौतिक पूर्वाधार विकास, जनशक्ति र स्वास्थ्य उपकरण थपिने क्रमसँगै स्वास्थ्यसेवा लिने नागकिरको दैनिक चाप बढ्दो रहेकोले कुनैपनि बहानामा नागरिकको अधिकार कटौती हुने कार्य नगर्न ज्ञापनपत्र मार्फत् ध्यानाकर्षण गराइएको हो ।

अस्पतालमा करारमा कार्यरत स्वास्थ्यकर्मीको म्याद सकिएपछि पुन: करारमा कर्मचारी भर्ना गर्ने प्रयोजनका लागि अस्पतालले सूचना प्रकाशित गरी अन्तरवार्ताको अन्तिम परीक्षाफलसमेत सार्वजनिक गरिसकेको अवस्थामा परीक्षामा सफल भएका स्वास्थ्यकर्मीलाई नियुक्ति दिने क्रममा भएको ढिलाईप्रति तरुण दलको ध्यानाकर्षण भएको बताएको हो । तरुण दल, हेटौंडा नगरसमितिका अध्यक्ष सुनिल गिरिले बुधबार अस्पताल प्रशासनसमक्ष ज्ञापनपत्र दिएका हुन् ।

'गत साउन १ गते सूचना प्रकाशित गरी साउन ३१ गते अन्तरवार्ताको परीक्षाफलसमेत प्रकाशित भइसकेको सन्दर्भमा परीक्षामा सफल भएकाहरुलाई नियुक्ति दिन अस्पताल प्रशासनले ढिलाई गरेको भन्ने सार्वजनिक भएकोप्रति नेपाल तरुण दल हेटौंडा उपमहानगर समितिको ध्यानाकर्षण भएको' बताइएको छ । अस्पताल प्रशासनले आफ्नो विधि, नियम र आन्तरिक प्रक्रिया पूरा गरी बिनाकारण नियुक्तिमा आनकानी गर्नु न्यायोचित र उपयुक्त नभएको ज्ञापनपत्रमा भनिएको छ ।

अस्पताल अविछन्न उत्तराधिकारीवाला संस्था हो भन्ने स्मरण गराउँदै अघिल्लो अस्पताल प्रशासन नेतृत्वले गरेको कामको स्वामित्व नेतृत्व परिवर्तन भएसँगै पछिल्लो नेतृत्वले स्वत: लिनुपर्ने प्रावधान र मान्यता रहेको तरुण दलले जनाएको छ । 'त्यसको विपरीत जाँदा र हुँदा त्यसले अव्यवस्थासँगै समस्या निम्त्याउँछ भन्ने तरुण दलको ठहर छ' अध्यक्ष गिरिले ज्ञापनपत्रमा भनेका छन् ।

अस्पताल प्रशासनले परीक्षामा सहभागी भई सफल भएकाहरुको अन्तिम नामावली प्रकाशन भएअनुसार उनीहरुलाई सहजरुपमा यथाशीघ्र नियुक्ति दिई काममा लगाउने वातावरण तयार गरी अस्पतालको हालको वातावरणलाई धमिल्याउने कार्य नगर्न भनिएको छ । 'विधि र प्रकिया पूरा गरी प्रकाशित परीक्षाफल अनुसार सफल परीक्षार्थीको नियुक्ति प्रक्रिया तत्काल सुरु नगरेमा तरुण दलले अस्पताल प्रशासनदेखि अध्यक्षसम्मको कार्यकक्षमा तालावन्दी लगायत आन्दोलनका कार्यक्रम गर्नुपर्ने अवस्था सिर्जना नगर्न समेत सचेत गराउँदछौं' ज्ञापनपत्रमा भनिएको छ ।

अस्पतालले करारमा स्वास्थ्यकर्मी नियुक्ति दिन प्रकाशन गरेको सूचनाअनुसार परीक्षामा सहभागी हुन आवेदन नै नदिएकालाई काममा नलगाउन र नियुक्ति नदिनसमेत गम्भीर रुपमा ध्यानाकर्षण गराउँदछौं भनिएको छ । अस्पताल प्रशासनलाई साउन ३१ गते प्रकाशित परीक्षाफल अनुसार नै सफल उम्मेदवारलाई नियुक्ति दिने कार्यको अवज्ञा गरिएमा यसवाट उत्पन्न परिस्थितिको जिम्मेवार स्वयम् अस्पताल प्रशासन नै हुने चेतावनी ज्ञापनपत्रमार्फत् दिइएको छ ।

**मुख्यमन्त्रीको ध्यानाकर्षण**

तरुण दल हेटौंडा नगर समितिले हेटौंडा अस्पताल प्रशासन समक्ष ज्ञापनपत्र बुझाएपछि बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा र स्वास्थ्य मन्त्री किरण थापामगरको ध्यानाकर्ष भएकोछ । मुख्यमन्त्री कार्यालयमा नेपाली कांग्रेस, तरुण दलका प्रतिनिधिसँग मुख्यमन्त्री लामा र स्वास्थ्यमन्त्री थापामगरले छलफल गरेका छन् ।

साँझ भएको छलफलमा नेपाली कांग्रेसका नेता आनन्दराम पराजुली, नेका जिल्ला सदस्य ईश्वर पण्डित, तरुण दल केन्द्रीय सदस्य गोपी दाहाल, तरुण दल मकवानपुरका कावा अध्यक्ष संतोष सापकोटा, नगर अध्यक्ष सुनिल गिरिसहितको टोली सहभागी थिए । हेटौंडा अस्पताललाई आवश्यक स्वास्थ्यकर्मीको बिज्ञापन गरी अन्तरवार्ता लिएर नतिजा प्रकाशन गरिसकेको अवस्थामा नियुक्तिपत्र दिन आनाकानी गर्दा अस्पतालको सेवा प्रभाबित भएको भन्दै तत्काल नियुक्तिपत्र दिएर स्वास्थ्यकर्मीलाई काममा लगाउने विषयमा छलफल भएको अध्यक्ष गिरिले जानकारी दिए ।

मुख्यमन्त्री लामा र स्वास्थ्यमन्त्री थापामगरले आइतबार सम्ममा स्वास्थ्यकर्मी नियुक्ति हुने आश्वासन दिएको बताइएको छ । 'आइतबारसम्मको समयसीमा तोकिएकोले हामी पर्ख र हेरको अवस्थामा छौं' तरुण दल नगरअध्यक्ष गिरिले साझाकुरासँग भने । आइतबारसम्म काम भएन भने थप आन्दोलनको तयारीमा रहेको उनीहरुले बताएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# साधनास्थल र आश्रमको निरन्तरता

मकवानपुरको भैंसेस्थित त्रिखण्डीमा आश्रम निर्माण गर्ने योजनामा रहेका योगी पाइलट बाबाको मंगलबार दिँउसो मुम्बईस्थित कोकिलाबेन अस्पतालमा निधन भएको छ । पाइलट बाबालाई कोकिलाबेन अस्पतालमा एक महिना आठ दिनसम्म आईसीयूमा राखेर उपचार गरिएको थियो । ८६ वर्षीय पाइलट बाबा केही समयदेखि मधुमेहको समस्याबाट पीडित थिए । पछिल्लो समय छातीमा खराबी देखिएपछि अस्पताल भर्ना गरिएको थियो । पाइलट बाबाको अन्त्येष्टि भारतको प्रसिद्ध तीर्थस्थल हरिद्वारमा भएको छ । हेटौंडाबाट ९ किलोमिटर उत्तरमा रहेको त्रिखण्डेश्वर महादेवको मन्दिरको गुरुयोजनाअनुसार पाइलट बाबाका गुरु हरिबाबा र रामपुरी गिरी बाबाको समाधिसहित ३० कोठाको अत्याधुनिक अतिथिगृह निर्माण कार्यमा पाइलट बाबा अग्रसर रहेका थिए । सेवानिबृत्त जीवनपछि शान्तिको खोजीमा भौंतारिदै उनले त्रिभुवन राजपथको भैंसेस्थित त्रिखण्डी महादेव मन्दिरमा गुरु हरिबाबा भेट्टाएका थिए । हरिबाबा त्रिखण्डीमा बस्थे । त्रिखण्डी उनको गुरुस्थली थियो ।

पाइलट बाबाले नेपाल र भारतका उच्चहिमाली क्षेत्रमा कठिन साधना गरेका थिए । साधना सम्पन्न भएपछि उनले रसिया, जर्मनी, बेलायत भ्रमण गरेर योग, ध्यान, धर्म, अध्यात्मको प्रचार गरे । वास्तविक नाम कपिल सिंह भएपनि मकवानपुरको त्रिखण्डी मन्दिरमा बसेर साधाना गरेपछि पाइलट बाबाको नामले परिचत बनेका हुन् । भारतको विहार राज्यको सासाराममा सन् १९३८ मा जन्मिएका कपिल (पाइलट बाबा) ले सन् १९५७ समा भारतीय लडाकू विमान सैनिक सेवामा प्रवेश गरेका थिए । १५ वर्ष भारतीय सेनाको पाइलट पेशामा रहेका कपिल सेवानिबृत्त जीवन शान्तपूर्वक बिताउनका लागि नेपाल आएका थिए । त्रिखडी मन्दिर बाहिर सडकछेउमा आराम गर्न बसेका कपिललाई अकास्मात कुनै शक्तिले आफ्नो शरीर खिचेको अनुभूति भयो र मदिरभित्र प्रबेश गरे । मन्दिरमा साधना गरिरहेका बाबाले कपिललाई अगाडि देख्नासाथ उनको बाल्यकालमा गाउँघरमा बोलाउने नामबाट बोलाएपछि कपिल ज्यादै अचम्मित भएका थिए । कपिलको बिगत, बर्तमान र भबिष्य सबै बताएपछि उनी हरिबाबासँग मोहित भए र साधनामा लागेका थिए । जलसमाधिमा पोख्त पाइलट बाबाले बागझोराको माथि लेकमा स्थापना गरेको आश्रममा अहिले रसियन, नेपालीहरुले साधना गरिरहेका छन् । दीक्षा प्राप्त गरि सकेपछि पाइलट बाबाको रुपमा उनी भारत र नेपालमा आउजाउ गर्न थाले । यसैक्रममा करिब १० वर्ष अघि बाघझोराको माथि लेकमा संस्कृत विद्यालय स्थापना गर्न बिधिपूर्वक पूजाआजासहित भवन सिलान्यास गरेका थिए ।

नेपालका बरिष्ठ राष्ट्रसेवकहरु पाइलट बाबाको भक्त छन् । पूर्वगृहसचिव मोदराज डोटेल पाइलट बाबाले नेपालमा स्थापना गरेको ट्रस्टसँग आबद्ध छन् । भूमिगत समाधि, जल समाधि, 'एयर टाइट ग्लास' समाधिका साथै अनेकौं स्थानमा दस महाविद्या यज्ञ आयोजित गरेर उनले सनातन हिन्दू धर्मको यश र कीर्ति स्थापित गर्नुकासाथै मानिसलाई सतमार्गमा ल्याउने काम गरेका अनुयायीहरु बताउँछन् । भक्तपुरको सूर्यविनायकमा रहेको जंगलमा पाइलट बाबाले आश्रम बनाएर बसेका थिए । नेपालमा विख्यात सन्त एवम् गुरुका रुपमा स्थापित पाइलट बाबा उज्जैन पीठाधीश्वर समेत थिए । नेपालको कूल जनसंख्या जत्ति नै भारतमा साधुसन्त रहेका छन् । यी साधुसन्त विभिन्न १३ वटा अखाडासँग आबद्ध छन् । संख्या, प्रसिद्धि एवम् विस्तारका दृष्टिकोणले जूना अखाडा सबैभन्दा ठूलो र प्रभावशाली मानिन्छ । यसै अखाडाका वरिष्ठतम महामण्डलेश्वर श्री १००८ सोमनाथ गिरी जनमानसमा महायोगी पाइलट बाबाका नामले विख्यात रहेका थिए । पाइलट बाबाले आफ्नो गुरुस्थल त्रिखण्डीमा आश्रम बनाउन सुरु गरेका थिए । त्रिखण्डीमा निर्माणाधीन आश्रममा हालसम्म करिब ५० लाख रुपैयाँ खर्च भएको बताइएको छ । पाइलट बाबाले सुरु गरेको आश्रमलाई निरन्तरता दिने र उनको बिचार र अभियानलाई जीवन्त राख्ने कार्यमा सहयोग गरिने उनका अनुयायीहरुले बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ७ गते शुक्रबार २३ अगष्ट २०२४ । चतुर्थी, भाद्र कृष्णपक्ष । गुँलागा ११४४ ने.सं. । सूर्योदय ५:३९, सूर्यास्त ६:३२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | **तुला** | : मन खिन्न बनाउन सक्छ |
| **वृष** | : काममा परिवारको सहयोग मिल्नेछ | **वृश्चिक** | : दिन उत्साहपूर्ण बन्नेछ |
| **मिथुन** | : स्वास्थ्यमा कमजोरी हुनेछ | **धनु** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| **कर्कट** | : उपचारमा खर्च हुनेछ | **मकर** | : व्यावसायिक यात्राको सम्भावना छ |
| **सिंह** | : लेनदेनमा विवाद हुनेछ | **कुम्भ** | : दाम्पत्य जीवन सुखद बन्नेछ |
| **कन्या** | : धार्मिक कार्यले फाइदा हुनेछ | **मीन** | : आम्दानी राम्रो हुनेछ |

# 'सेवा' भनेकैले राजनीति बिग्रिएको त होइन ?



✍ डा. अतीन्द्र दाहाल

राजनीतिलाई नीतिहरू मध्येको राजा हो भन्ने मानिन्छ । प्राचीन दार्शनिक अरस्तुले राजनीतिलाई विज्ञानकी रानी भन्थे । कुनै पनि देशको विकास अथवा अविकासमा राजनीतिको प्रधान भूमिका रहन्छ । केन्द्र नीति अथवा मियो नीति भएका कारण राजनीति सफा, शुद्ध तथा जनताकेन्द्रित भए समाजका अन्य सबै क्षेत्र र विधा स्वत: उही लयमा बहन थाल्छन् ।

यदि राजनीति नागरिक समर्पित नभए अनि जनताको खास चासो र सरोकारभन्दा बाहिर गए समाजका अरू सबै क्षेत्र पनि कुरूप तथा असंगतिपूर्ण बन्दै जान्छन् । त्यही भएर साहित्यकार स्व. जगदीश घिमिरेले उनको कृति 'सकस'मा समाजका अन्य विधा र पक्षलाई सहायक बाटो अनि राजनीतिलाई मूल बाटो भनेका छन् ।

दार्शनिक र साहित्यकारहरूले फरक/फरक धारणा व्यक्त गरे पनि राजनीतिमा नै संलग्न नेताहरू स्वयं भने राजनीतिलाई सेवा मान्छन् । राजनीतिक अभ्यास मार्फत देश र नागरिकको सेवा गरिरहेको भनेर आत्मप्रशंसाको अलाप लगाउँछन्। साँच्चै उनीहरूका गतिविधिलाई परिवारका सदस्य बाहेक अन्यले पनि सेवा नै मानेका छन् कि छैनन् भन्नेचाहिं कहीं कतै मापन गरिएको छैन ।

नेताहरूले जनताको सेवा कुन तह र तरिकाले गरेका छन् भन्ने वास्तविकतालाई थुप्रै तथ्यांकले उजागर गरेकै छ । व्यापार घाटा थेगिनसक्नु छ । एक वर्षमा ७ लाख युवा विदेशिएका छन् । दुई लाख बढी उच्च शिक्षा अध्ययनमा गएका छन् । वास्तवमा त्यो दुई लाखचाहिं विदेशिएका होइनन्, एक ढंगले देश नै छाडेका हुन् । विदेशिएका त कुनै दिन देशमा आउँछन् । तर पढ्ने नाममा गएका अब फर्किएर आउने सम्भावना निकै कम देखिन्छ ।

भ्रष्टाचारमा कीर्तिमान बनिरहेका देखिन्छन् । नेताहरू नमिलेर मात्र देश बिग्रिएको होइन, मिल्दा पनि बिगार्दा नै रहेछन् भन्ने कुरा यी विविध काण्डबाट प्रस्ट भएकै छ । सरकार र नेताप्रति नागरिकमा सामान्य विश्वसनीयता पनि छैन । राजनीति नि:सन्देह र नागरिक निराश छन् । कुनै पनि बेला बंगलादेशको जस्तो विद्रोह फुट्न सक्छ भन्नेहरूको पनि कमि छैन । तर कहींकतै हाम्रो देशको राजनीतिले नागरिक अपेक्षा पूरा गर्न नसक्नुमा चाहिं 'राजनीति भनेको सेवा हो' भन्ने मान्यता नै प्रधान कारण बनेको त छैन भन्ने प्रश्न जन्मिएको छ ।

सेवा भन्ने वित्तिकै स्वेच्छाले गर्ने अथवा स्वेच्छिक काम हो । मन लागे गर्ने र मन नलागे नगर्ने गर्न पाइन्छ । सेवा फगत आफ्नो आनन्द र खुसीका लागि गरिन्छ । सेवामा आफूलाई केन्द्रमा राखिन्छ ।

मैले सेवा गरेको छु, त्यही भएर म मुख्य अथवा प्रधान हुँ भन्ने भावना अव्यक्त हुन्छ । अरूबाट कृतज्ञता अपेक्षा गरिन्छ । अरूको आवश्यकता हैन, आफ्नो खुसी मुख्य हुन्छ । सेवा कति र कुन मात्रामा गर्नुपर्छ भन्ने कुनै निश्चित मापदण्ड पनि हुँदैन । आफूले चाहेकालाई सेवा गर्ने र नचाहेकालाई नगर्दा पनि हुन्छ । सेवा सबैलाई गर्नुपर्छ भन्ने कुनै बाध्यात्मक परिस्थिति हुँदैन ।

सेवा गर्दा आफूले रुचाए अनुसारको मात्र गर्ने छुट हुन्छ । सेवा गर्ने भनेको अपेक्षितको अथवा ग्राहीको आवश्यकता अथवा आशा अनुरूप नै हुनुपर्छ भन्ने छैन । दिनेले जे र जति दियो पाउनेले त्यही र त्यतिमा नै खुसी अनि सन्तोष व्यक्त गर्नुपर्छ ।

अझ दिनेप्रति अनुग्रहित र कृतज्ञ पनि बन्नुपर्छ । सेवाका लागि वतन अथवा लाभ लिन पाइँदैन । सेवा गरे बापत कुनै प्रतिफल अथवा भुक्तानी आशा गरिंदैन । सेवा नगरे बापत कसैलाई दण्ड-जरिवाना गर्न मिल्दैन । सेवा नगर्दा कुनै कानुन आकर्षित गराउन सकिंदैन । सेवा भनेर गरेपछि कथम्कदाचित गलत नै मनसाय राखे पनि राम्रो भावले गरेको भनेर त्यसलाई छुट दिनुपर्ने हुन्छ ।

तर जिम्मेवारी पूरा नगरे वा गलत गरे बापत भने दण्ड-सजाय गर्न पाइन्छ । उनीहरूले गलत गर्दा नेतृत्वलाई दण्ड-सजाय भएका विश्वमा अनेकन् उदाहरण छन् । राष्ट्रलाई घाटा लगाएको कारण केही वर्ष पहिले चीनका पूर्व रेलमन्त्री लिउ जिझुन र अर्को वर्ष उच्च बैंकर लियाई जिआओमिनलाई मृत्युदण्ड दिइयो । नागरिक र देशप्रतिको जिम्मेवारी पूरा नगरेको तर भ्रष्टाचारमा संलग्न भएबापत पछिल्लो दुई वर्षमा चीन, साउदी अरेबिया र अमेरिकामा दर्जनौंलाई मृत्युदण्ड दिइएको हुनसक्ने अनुमान एम्नेष्टी इन्टरनेशनलको छ ।

सन् १९६७ बाट १९९८ सम्मका इन्डोनेसियाका राष्ट्रपति मोहम्मद सुहार्नेलाई लगभग ३५ अर्ब डलर अपचलन गरेकोमा दण्ड भयो । सन् २०१२ मा फिजीका पूर्व प्रधानमन्त्री लाइसेनिया क्वारिजलाई भ्रष्टाचार आरोपमा जेल चलान गरियो । ब्राजिलमा भएको एक घोटालामा २०१२ मै त्यहाँका शक्तिशाली नेता जोस डिरेकु दण्डित हुनुपर्‍यो ।

अर्को एउटा समान मुद्दामा २०१२ मा नै क्रोएसियाका पूर्व प्रधानमन्त्री इभो सनादरलाई १० वर्ष कैद सुनाइयो । इजरायलका पूर्व प्रधानमन्त्री इहुद अर्लमर्टलाई ६ वर्षको जेल सजाय भयो । बंगलादेशमा पूर्व प्रधानमन्त्री वेगम खालिदा जियालाई पनि भ्रष्टाचारको अभियोगमा १८ वर्ष जेल तोकिएको थियो ।

तर हाम्रो देशमा राजनीतिमा संलग्न भएर राम्रो गर्ने वा नगर्ने वा गलत गर्ने सबैलाई समान व्यवहार र सुविधा प्राप्त छ । सदैव उत्तिकै उन्मुक्त छन् । देश गरिबीमा डुब्दैछ, नेता अर्बपतिमा उक्लदैछन् । देश नबने पनि नेताहरू भने बनेका छन् । देश नफेरिए पनि, नेताहरू प्रशस्तै फेरिएका छन् । देशको नभए पनि नेताको चाहिं विकास भएकै छ ।

हामी आमनागरिकलाई चाहिं राजनीतिलाई सेवा भनेर गलत भाष्य निर्माण गराइयो । तसर्थ राजनीति गर्नेहरूले कुनै जिम्मेवारी वहन गर्नुपर्छ भन्ने मनन् गराइएन । नागरिकको अपेक्षा पूरा गर्नुपर्ने नैतिक दायित्व निर्माण गराइएन । उनीहरूको निष्प्रभावितामा दण्ड र सजाय हुनुपर्छ भन्ने चेत निर्माण हुन दिइएन ।

जे सके त्यही गरे, नसकेको सबैमा माफी-मिनाहा तथा छुट हुन्छ भन्ने मनोविज्ञान निर्माण गराइयो । सेवा हो, उनीहरूको मर्जी अनुसार गरे भनेर सबैलाई स्वत: स्वीकार्ने आदत अनि आचरण विकसित गराइयो ।

अब राजनीतिलाई सेवाको गलत भाष्यबाट मुक्ति दिएर जिम्मेवारीको रूपमा बुझ्नुपर्छ । जिम्मेवारीमा यसलाई बहन गर्ने मापदण्ड हुन्छ । आफूले चाहे अनुसार हैन, ग्राही र नियोक्ताले अपेक्षा गरे अनुसार कार्यसम्पादन गर्नुपर्छ। त्यसो गर्न नसकेमा जिम्मेवारीबाट मुक्त हुने मात्र हैन, दण्ड-सजाय पनि भोग्नुपर्छ। आफ्नो अक्षमताले भएको हानि-नोक्सानीको क्षतिपूर्ति दिनुपर्छ । आत्म-आलोचित समेत हुनुपर्छ ।

तसर्थ राजनीतिलाई अब सेवा नभई जिम्मेवारीको रूपमा बुझ्ने र बुझाउने माहोल तथा मनोविज्ञान निर्माण हुनुपर्छ । जबसम्म राजनीतिलाई सेवा मान्ने भुलभुलैया समाजमा व्याप्त रहन्छ, तबसम्म राजनीतिज्ञहरू गैरजिम्मेवार र मनमौजी भइरहन्छन् । देश अधोगतिको मार्गमा लम्किरहन्छ । राजनीतिलाई सेवा भनेर व्याख्या गर्नु नै नागरिकप्रतिको दायित्व र जिम्मेवारीबाट भाग्नु अथवा राजनीतिलाई बिगार्नु हो ।

*(साभार: अनलाइनखबर)*

# कसरी बनाउन सकिएला निजामती सेवालाई महिलामैत्री ?



✍ कृष्णाकुमारी रेग्मी

निजामती सेवामा सबै जाति, वर्ग, क्षेत्र र लिङ्गको प्रतिनिधित्व गराउनुपर्ने संवैधानिक व्यवस्था छ । राज्यको यही मूल उद्देश्यअनुरूप पछिल्लो समयमा निजामती सेवामा महिलाको उपस्थिति लोभलाग्दो देखिएको छ । हालको तथ्यांक अनुसार निजामती सेवामा २८.७ प्रतिशत महिला विभिन्न पदमा कार्यरत छन् । अर्थात् निजामती सेवामा रहेका करिब ८५ हजार ३९१ कर्मचारीमध्ये २४ हजार ५११ महिला कर्मचारी छन् । यद्यपि कार्यक्षेत्रमा न्यायोचित जिम्मेवारी पाउन नसक्दा कर्मचारी महिलाले आफ्नो क्षमता र सिर्जनशीलता पूर्ण रूपमा प्रकट गर्न सकेका छैनन् ।

नयाँ, ऊर्जावान् र क्षमतावान् महिला कर्मचारीले पाउने जिम्मेवारी हेर्दा सिंगो निजामती क्षेत्रलाई पनि पैतृक सोचले गिजोलिइरहेको अनुभूति हुन्छ । देशको मुख्य प्रशासनिक क्षेत्र सिंहदरबारभित्र रहेका विभिन्न मन्त्रालय हेरौं, केही अपवादबाहेक महिला कर्मचारीले पुरुष कर्मचारीसरह जिम्मेवारी पाउन सकेका छैनन् । पहुँचवाला विभाग, कार्यालय र मन्त्रालय हेर्ने हो भने त्यहाँ सरुवा भएर जानेमा अधिकांश पुरुष कर्मचारी देखिन्छन् । सेवाग्राहीको पहुँच कम हुने वा राज्यले सेवाप्रवाह गर्न कम महत्त्व दिएको कार्यालय र निकायमा महिलाको सरुवा गर्ने मानसिकता भएकाले पनि निजामती सेवा महिलामैत्री हुन सकेको छैन ।

निजामती सेवा, स्वास्थ्य सेवा, शिक्षा आयोग, सैनिक सेवा, नेपाल प्रहरी लगायतमा महिला कर्मचारीको उपस्थिति राम्रो हुँदै आए पनि कार्यस्थलमा उनीहरुमाथि भौतिक र मनोवैज्ञानिक विभेद रहेको पाइन्छ । सेवामा प्रवेश गर्दा जुन स्तरको ऊर्जा, उत्साह, खुसी हुन्छह कार्यस्थलमा देखिने मनोवैज्ञानिक र भौतिक संरचनाको विभेदपूर्ण स्थितिले पित्तृसत्ताको केही छाप निजामती सेवामा रहेको आभास हुन्छ । घर-समाज मात्र नभएर सरकारी कार्यालयमा पनि महिलाले लैङ्गिक विभेदको महसुस गर्नु तितो सत्यजस्तै भएको पाइन्छ ।

कार्यालयमा महिलामैत्री भौतिक संरचनासँगै मनोवैज्ञानिक वातावरण पनि आवश्यक हुन्छ । कतिपय पुरुष कर्मचारीले कार्यालयमा महिला कर्मचारीमाथि गर्ने हेपाहा प्रवृत्ति र भाषा-शैलीका कारण महिलाहरू घरदेखि सरकारी निकायसम्म लैङ्गिक विभेदको झिल्कोमा परिरहेका छन् ।

राज्यको बागडोर सम्हाल्न पुगेका सबै राजनीतिक दलका नेताले भाषणमा महिला सहभागिताको कुरा चर्को उठाउने गरे पनि नीति निर्माणको तहमा महिलाको उपस्थिति भने सन्तोषजनक छैन । सरकारको नेतृत्व गरी कार्यपालिका सञ्चालन गर्ने माननीयले पनि आफ्नो मन्त्रालयमा महिला कर्मचारीलाई राख्ने र उचित जिम्मेवारी दिने कुरामा चुकेका छन् ।

राष्ट्रिय किताबखानाको पछिल्लो रेकर्ड अनुसार ५५ जना सचिवमध्ये महिला सचिवको संख्या आठ रहेको छ । त्यसैगरी ६०५ सहसचिवमध्ये ५५ महिला सहसचिव, दुई हजार ६७२ उपसचिवमध्ये ३८९ महिला उपसचिव, १० हजार १२ शाखा-अधिकृतमध्ये दुई हजार ६४६ महिला शाखाअधिकृत रहेका छन् । त्यस्तै, ७९ जना उच्च अदालतका न्यायाधीशमध्ये महिला न्यायाधीश २० जना छन् भने, पुनरावेदन अदालतमा चारजना न्यायाधीशम एकजना पनि महिला न्यायाधीश नभएको राष्ट्रिय किताबखानाको तथ्यांक छ ।

### कसरी छ विभेद ?

निजामती सेवाको उच्च तहमा अधिकांश पुरुष कर्मचारी छन् । हामीकहाँ छोरा र छोरीबिच जन्मेदेखि नै विभेद सुरु गरिन्छ र खासगरी त्यसको असर स्कुल तथा कलेजमा पर्छ । कतिपय छोरीले पढ्नै पाउँदैनन् भने कतिपयले दाजुभाइसरह राम्रो स्कुल-कलेज पाउँदैनन् । त्यसको असर प्रशासनिक र राजनीतिक क्षेत्रमा पनि पर्छ ।

समाज पितृसत्तात्मक रहँदै आएकाले पुरुष कर्मचारीले महिला कर्मचारीलाई हेर्ने दृष्टिकोणमा अझै परिवर्तन हुन सकेको छैन । समाजमा मूल्य-मान्यता र भाष्यहरू पनि महिलालाई पुरुषभन्दा कमजोर बनाउने गरी बनाइएका छन् । छोराहरू बहादुर र क्षमतावान् हुन्छन् भनेर घर-समाजबाट निस्किएको लैङ्गिक विभेदको जरा निजामती सेवामा पनि गाडिएको पाइन्छ । एउटै तहमा कार्यरत महिला र पुरुष कर्मचारीले पाउने जिम्मेवारीसँगै कार्य मूल्यांकनमा समेत विभेद गरेको देखिन्छ ।

कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको मुख्य नेतृत्वमा पुरुषहरू नै भएकाले पनि सार्वजनिक सेवा प्रवाह गर्ने निकायमा महिला कर्मचारीले लैङ्गिक विभेदको सामना गरिरहेका छन् । कार्यपालिकामा मन्त्रीहरुदेखि र मन्त्रालयका सचिवमा पुरुषको बाहुल्य भएकाले पनि महिला कर्मचारीलाई उचित जिम्मेवारी, निष्पक्ष मूल्यांकन र समान व्यवहार हुन सकेको छैन । यसले गर्दा सार्वजनिक सेवा प्रवाहमा महिला कर्मचारीको उत्साह, ऊर्जा, क्षमता जति खर्च हुनुपर्ने हो त्यति हुन सकिरहेको छैन ।

हामीकहाँ विभिन्न आन्दोलनले व्यवस्था बदल्यो, तर सामाजिक संरचनामा जकडिएर रहेका कतिपय विभेदको अन्त्य अझै हुन सकेको छैन । महिलाले यो काम गर्न सक्दैनन्, उनीहरूमा क्षमता छैन भन्ने मनोविज्ञानका कारण कतिपय पुरुष कर्मचारीले कार्यस्थलमा लैङ्गिक विभेद गरिरहेका हुन्छन् । छोरा र छोरीबिच सानैदेखि गरिने स्याहारसम्भार, खानपान लगायत विभेदले पनि सार्वजनिक निकायमा छाप पारेको पाइन्छ । त्यति मात्र होइन, पुरुष कर्मचारीको बाहुल्य रहेको सार्वजनिक निकायका कार्यस्थलमा पुरुष कर्मचारीको कतिपय अश्लील बोली तथा भाषाले पनि महिला कर्मचारीलाई सहज रुपमा काम गर्न अप्ठेरो बनाइरहेको हुन्छ ।

पर्याप्त तालिम, उचित शिक्षाको अवसर, सकारात्मक सामाजिक परिवेश निर्माण गर्नेतर्फ सरकारको ध्यान जानुपर्ने निजामती सेवाका महिला कर्मचारीको सुझाव छ । सेवा प्रवेशसँगै नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले नायब सुब्बासम्मलाई तालिम दिने प्रावधान भए पनि सेवा प्रवाहको भिन्नता अनुसार समयानुकूलका पुनर्ताजगी तालिम, प्रशिक्षण, गोष्ठी, भ्रमणको पर्याप्तता छैन ।

माथिल्लो तहमा पुरुष कर्मचारीकै बाहुल्य भएकाले स्वदेश तथा विदेशमा हुने गोष्ठी, भ्रमण र प्रशिक्षणमा महिला कर्मचारी वञ्चित हुने गरेका छन् । केही समयअघि प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारबाट हुने, भ्रमण, गोष्ठी र तालिममा सहभागी संख्यामा महिलाको सहभागिता पनि अनिवार्य हुनुपर्ने बताएपछि अबका दिनमा महिला कर्मचारीलाई गरिने छनोट र मूल्यांकनमा केही आशा पलाएका छन् ।

अधिकांश सरकारी कार्यालयमा महिलामैत्री भौतिक संरचना र कार्यस्थलमा सकारात्मक वातावरणको पहुँच हुन जरुरी छ । कार्यस्थलमा सुविधा सम्पन्न स्तनपान कक्ष हुनुपर्छ, जसमा बच्चाको जाउलो र लिटो पकाउने, पानी र दुध तताउने ग्यास चुलोह बच्चालाई खेल्न-सुत्न र घरबाट ल्याएको सहयोगी बस्न मिल्ने हुनुपर्छ ।

धेरै सार्वजनिक निकायमा अहिले पनि पर्याप्त मात्रामा स्वस्थकर महिलामैत्री शौचालयको सुविधा छैन । महिलामैत्री काम गर्ने वातावरण भएमा महिलाहरूले गर्ने सेवा प्रवाह पुरुषको तुलनामा सुशासन, पारदर्शिता र छिटो-छरितो हुने कुरामा कुनै शंका छैन ।

### आशाको दियो

निकै संघर्ष गरेर अहिले निजामती सेवाको मुख्यसचिव पदमा पहिलो महिलाका रुपमा लीलादेवी गड्तौला पुगेपछि केही आशा नपलाएका होइनन् । सिंगो निजामती सेवाको बागडोर सम्हाल्ने मुख्यसचिवमा महिला पुग्नुलाई निजामती सेवामा सम्भावना बोकेका ऊर्जाशील महिला कर्मचारीले आशाको रूपमा लिएका छन् ।

२०५२ सालमा निजामती सेवामा प्रवेश गर्नुभएकी लीलादेवी गड्तौला २७औं मुख्यसचिव र पहिलो महिला मुख्यसचिव हुनुहुन्छ । न्याय सेवाको कानुन अधिकृतमा आजभन्दा २९ वर्षअघि एक नम्बरमा नाम निकाल्नुभएकी गड्तौलाको २०७७ सालमा सचिवमा बढुवा भए पनि न्याय सेवाको सचिवका रूपमा कानुन मन्त्रालयमा जिम्मेवारी सम्हाल्ने चाहना कहिल्यै पूरा हुन सकेन ।

कानुन मन्त्रालयको मात्र होइन, कुनै मन्त्रालय सम्हालेर उहाँले काम गर्ने अवसर पाउनुभएन । सेवा अवधिभर मन्त्रालयको सचिवको कार्यभार सम्हालेर आफ्नो कार्य क्षमता देखाउने अवसरबाट वञ्चित उहाँले संयोगले ३१ असार २०८१ मा अवकाश हुन ३७ दिन मात्र बाँकी हुँदा प्रधानमन्त्री ओलीले मन्त्री परिषद्‌बाट निर्णय गरेपश्चात् मुख्यसचिवको जिम्मेवारी पाउनुभयो । यो नेपालको निजामती सेवामा प्रवेश गर्ने र काम गरिरहेका महिला कर्मचारीका लागि गर्वको अनुभूति र आशाको दियो हो ।

### महिला कर्मचारीमा सदाचारिता

अपवादबाहेक सरकारी सेवामा कार्यरत महिला कर्मचारीको स्वभाव सदाचारी देखिन्छ । कामप्रति इमानदार भएकाले पनि महिला कर्मचारी बिरलै मात्रामा भ्रष्टाचार र अनियमितताका काण्डमा मुछिने गरेका छन् ।

सेटिङमा कमिसन खाने, काम गरेबापत घुस माग्ने काम महिला कर्मचारीले नगर्ने भएकाले पुरुषको अनुपातमा महिला कर्मचारी सदाचारी हुन्छन् । छोरीले नराम्रो काम गर्नुहुन्न भन्ने नैतिक शिक्षा र आचरण घरबाटै सिकाइन्छ ।

स्वभावैले महिलाहरू गलत आचरणबाट टाढा रहने भएकाले पनि सरकारी सेवामा पुरुषको तुलनामा महिला कर्मचारीले पदीय दुरुपयोग गरी कुनै आर्थिक लाभ तथा स्वार्थ लिएको देखिँदैन अपवादबाहेक ।

### महिलामैत्री नीति-नियम

बालबच्चा हुर्काउनुपर्ने जिम्मेवारी भएकाले महिलाहरू घर-व्यवहार सबै मिलाएर मात्र कार्यस्थलमा जान पाउँछन् । त्यसैले सुत्केरी बिदा र बेतलबी बिदाले मात्र उनीहरूलाई पुग्दैन । यसो हुँदा अन्य विकल्पका बारेमा सरकारले सोचेर त्यही अनुरूपको नीति-नियम बनाउनुपर्नेछ ।

नागरिकको पहुँच हुने राज्यका महत्त्वपूर्ण निकायमा महिला कर्मचारीलाई पदस्थापना गर्नेह महिला कर्मचारीको वृत्ति विकासमा न्यायोचित व्यवस्था गर्ने तर्फ पनि सोचिनुपर्छ ।

निजामती सेवालाई महिलामैत्री बनाउन राज्यले बनाएका ऐन-नीतिहरूको कार्यान्वयनमा जोड दिइनुपर्ने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव राधिका अर्याल बताउनुहुन्छ । ऐन बन्ने तर त्यसको पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा पनि निजामती सेवा महिलामैत्री बन्न नसकेको उहाँको ठम्याइ छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा सहसचिवका रूपमा काम गर्दा महिला कर्मचारीको क्षमता विकासका लागि बनाइएका ऐन र नियम कार्यान्वयन गर्ने कुरामा आफ्नो महत्त्वपूर्ण भूमिका रहेको उहाँ बताउनुहुन्छ । केही ऐनमा सुधार गर्न जरुरी भएको पनि उहाँको अनुभव छ । निजामती सेवालाई महिलामैत्री बनाउन केही ऐनमा परिवर्तन गर्नुपर्ने उहाँको सुझाव छ ।

*(साभार: रातोपाटी)*

# माओवादीको बागमती प्रदेश बैठकमा जम्कट्टेल कड्किए

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ माओवादी केन्द्रको बागमती प्रदेशस्तरीय बैठकमा बागमतीका पूर्वमुख्यमन्त्री शालिकराम जम्कट्टेल अध्यक्ष प्रचण्डको पक्षमा उभिएर केही प्रश्न गर्दै कड्किएका छन् ।




बुधबारदेखि सुरु भएको बैठक पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको डेढ घण्टा लामो सम्बोधनबाट सुरु भएको थियो । बिहीबारसम्म चल्ने प्रदेश परामर्श बैठकमा बागमती प्रदेश अन्तर्गतका केन्द्रीय समिति सदस्य तथा प्रदेश पदाधिकारी सहभागी छन् । अध्यक्ष प्रचण्डले विचार, राजनीति, कार्यदिशा सही भए पनि संगठनमा समस्या रहेको उल्लेख गर्दै आफूलाई सहयोग गर्न आह्वान गरे ।

हालसालै सम्पन्न स्थायी समितिको बैठकपछि जारी गरिएको सर्कुलरमा केही त्रुटि रहेको स्वीकार्दै त्यसलाई सच्याउने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री शालिकराम जम्कट्टेलले उपमहासचिव जनार्दन शर्माको आलोचना गरे । शर्माको दस्तावेजलाई 'कांग्रेस-एमाले लगायत बाहिरका शक्तिबाट निर्देशित' गतिविधिको संज्ञा दिएर जम्कट्टेलले परामर्श बैठकमा धारणा सुरु गरेका थिए ।

'माओवादी पार्टी यतिधेरै बलियो छ कि हाम्रा विरुद्ध नेपाली कांग्रेस र नेकपा एमाले नै मिलेका छन्', उनले प्रश्न गरे, 'सरकारमा बसेर त्यति राम्रा काम गरेर आएकोमा पुरस्कृत गर्नुपर्नेमा पार्टी नेतृत्वलाई असहयोग गर्ने, खुइल्याउने को हो ?,' त्यसपछि सिन्धुलीका राजन दाहालले पनि शर्माको आलोचना गरे ।

बैठकमा मकवानपुरका नेता प्रल्हाद लामिछानेले पार्टीभित्रको विवादलाई युगल जोडीको प्रेम प्रसंगसँग तुलना गरे । 'प्रेममा नपरेका दुई केटाकेटीलाई अनुमानको आधारमा प्रेममा छन् भनेर हल्ला चलाइन्छ र पछि त्यही हल्लाको जगमा उनीहरु प्रेममा पर्छन्', उनले भने, 'अहिले सबै शक्ति लगाएर पार्टीभित्रको फरक मतलाई विभाजनको अभ्यासको रुपमा हल्ला चलाइयो भने यही कुरा विभाजनको बीउ बन्न सक्छ ।,'

# थाहानगरमा पोषण समीक्षा

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/थाहा नगरपालिका स्वास्थ्य शाखको आयोजनामा पोषण कार्यक्रमबारे पालिकास्तरीय वार्षिक समीक्षा भएको छ ।

कार्यक्रममा आर्थिक वर्ष २०८०/८१ मा थाहा नगर पालिकामा सम्पन्न पोषण कार्यक्रमको नगरस्तरीय वार्षिक समीक्षा गरिएको हो । कुपोषणको वर्गीकरण, बालबालिकामा पोषणको अवस्था, कुपोषणाका कारण नेपालमा बालमृत्युदर, पोषणको अवस्था सुधार गर्न थाहानगरमा भएका पहलहरु, पोषणबारे दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरु, नगरपालिकास्तरीय पोषण समीतिको काम, कर्तब्य र अधिकारलगायत बारेमा जानकारी गराइएको थियो ।

समीक्षामा आर्थिक वर्ष २०८०/८१ मा थाहा नगर पालिकाभित्र जन्मेका शिशुको वृद्धि अनुगमन ०-२३ महिना सम्मको ८५ प्रतिशत रहेको छ भने जन्मेदेखि ६ महिनासम्म पूर्णस्तनपान गराउने ९० प्रतिशत रहेको पाइएको छ । त्यसैगरी ६-८ महिनादेखि थप खाना खुवाएको बच्चा ८२ प्रतिशत रहेको समीक्षामा प्रस्तुत गरिएको थियो ।

थाहा नगरमा २०८० कार्तिक पहिलो साता खुवाइएको भिटामिन 'ए' कार्यक्रम ११३ प्रतिशत दोस्रोचरणको भिटामिन 'ए' २०८१ बैशाखमा ११० प्रतिशत, पहिलोचरण जुकाको औषधि ११४ प्रतिशत र दोस्रोचरणको जुकाको औषधि ११२ प्रतिशत, प्रोटोकलअनुसार ८ पटक गर्भवती जाँच गराएको गर्भवतीको संख्या ४३.७ प्रतिशत र प्रसुती पश्चात् सुत्केरी जाँच गराउनेको ४६ प्रतिशत रहेका छन् ।

नगरपालिकामा १० देखि १९ वर्षका ३१ सय २ किशोरीलाइ आइरनचक्की वितरण गरिएको समीक्षामा जानकारी दिइएको थियो । सुआहाराले प्रवद्धन गरेका १० मुख्य ब्यवहार, सुआहारा कार्यक्रमका आगामी योजना, पोषण सम्बन्धी सूचकको अभिलेख एवम् प्रतिवेदन गुणस्तरको सुधार तथा चुनौती लगायत बारेमा जानकारी गराइएको स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीले बताए । समीक्षामा थाहा नगरभित्र रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीको उपस्थिति रहेको थियो ।

# प्रविधिमैत्री सेवा विस्तारमा बागमतीको उद्योग मन्त्रालय

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ बागमती प्रदेशको उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयले प्रविधिमैत्री सेवा विस्तार गर्ने भएको छ । मन्त्री सुकमाया तामाङले मन्त्रालयको पहिलो वार्षिकोत्सवको अवसरमा सबै सेवाहरु प्रविधिमैत्री बनाउँने कार्यको सुरुवात गरेकी छिन् ।




बुधबार मन्त्रालयको सेवासम्बन्धी जानकारीमूलक डिजिटल डिस्प्ले उद्घाटन गर्दै मन्त्री तामाङले गतवर्षदेखि हालसम्मको वार्षिक बुलेटिन अनावरण गरिन् । उनले मन्त्रालयको कार्य जिम्मेवारी अनुरुप सम्पादन गर्नुपर्ने कार्यलाई आर्थिक अनुशासन कायम गर्दै सर्वसाधारणले पाउनुपर्ने सेवासुबिधा छिटो, छरितो एवम् प्रभावकारी र कुशलतापूर्वक सञ्चालन गर्न उत्साहजनक सहभागिता र सहयोगका लागि उनले कर्मचारीको प्रशंसा गरिन् ।

'व्यापार र उद्योगको क्षेत्रमा, व्यापारसम्बन्धी नीति, कार्यक्रम, कानून, मापदण्ड, योजना तर्जुमा र कार्यान्वयनका लागि प्रचलित ऐन नियमको परिधिमा रही मन्त्रालय र अन्तरगत कार्यालयमा कार्यरत जनशक्तिबाट कार्य भएको छ,' उनले भनिन् 'विकास र वातावरणीय सन्तुलन कायम राखी प्रविधिमैत्री प्रदेश निर्माण गर्न उत्पादन र उत्पादकत्व बढाउन साना, मझौला, घरेलु, र लघुउद्योग स्थापना गर्न उद्यमीलाई उत्साहित गर्दै उद्यमशीलताबाट स्वरोजगार तथा रोजगारी सिर्जना गरिने छ ।,'

खनिज र भौगोलिक अध्ययन, खानी र खनिजपदार्थको अन्वेषण र व्यवस्थापनमा प्रादेशिक नीति, कानुन र मापदण्ड तर्जुमा र कार्यान्वयनमा सुरु गरेका कार्यले सकारात्मक दिशा लिएको उनले दाबी गरिन् । भौगोलिक अध्ययन, नक्सा व्यवस्थापन र भौगोलिक सूचना प्रणालीको समन्वयले मन्त्रालयका कामलाई अझ प्रभावकारी बनाउने आशा गरेकी उनले उपभोक्ता संरक्षणका क्षेत्रमा पनि मूल्य र कालोबजारी नियन्त्रण, उपभोक्ता हकअधिकार संरक्षण, स्वदेशी उत्पादनमैत्री कार्यालय र उपभोक्ता अदालत गठन जस्ता पहललाई प्राथमिकता दिइएको बताइन् ।

भूमि व्यवस्थापन क्षेत्रमा, भूमि प्रशासन, नापजाँच, भूमिसुधार, नदीउकास जमिन संरक्षण गरी व्यावसायिक प्रयोजनार्थ भूमिको निर्माण गर्नेर भूउपयोग नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयनलाई तीव्ररुपमा कार्य अघि बढाएको जानकारी दिएकी उनले भूमि अभिलेख व्यवस्थापन, जग्गादर्ता, र स्वामित्व हस्तान्तरण प्रक्रियामा सुधार ल्याउने प्रयासलाई कर्मचारीको सक्रियता र सहयोगले सफल बनाएको बताइन् ।

# राजनीतिक आडमा त्रिवि पदाधिकारीलाई 'सिध्याउने' धम्की

काठमाडौं/त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र केन्द्रीय विभाग प्रमुख नियुक्ति विवाद उत्कर्षमा पुगेको छ । त्रिविकी सहकुलपतिसमेत रहेकी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले त्रिवि पदाधिकारीको सुरक्षा व्यवस्था गर्न गृहमन्त्रीसँग माग गर्दै सामाजिक सञ्जाल मार्फत अपिल गरेकी छिन् ।



मन्त्री भट्टराईले बुधबार बिहान फेसबुक र एक्समा लेखेकी छिन् 'त्रिभुवन विश्वविद्यालयमा केही दिनदेखि पदाधिकारीहरु माथि हमला गर्न खोज्ने र प्राध्यापकहरुलाई फोन गर्दै धम्की दिने गरेको कारण सिंगो विश्वविद्यालय असुरक्षित बनेको छ । त्रिभुवन विश्वविद्यालयमा सुरक्षाका लागि व्यवस्थित प्रबन्ध गर्न म गृहमन्त्रीसँग जोडदार माग गर्दछु ।'

उनले लेखेकी छिन, 'गुण्डागर्दी गर्ने छुट कसैलाई छैन । यस्तो क्रियाकलापमा संग्लग्न व्यक्तिहरुलाई कानूनी दायरामा ल्याई कारवाही गर्न समेत म गृहमन्त्रालयलाई गम्भीरताका साथ अनुरोध गर्दछु ।'

मन्त्री भट्टराईले धम्कि दिएको सम्बन्धमा विस्तृत रुपमा नखुलाए पनि समाजशास्त्र केन्द्रीय विभाग प्रमुख नियुक्तिको विषयलाई लिएर त्रिवि पदाधिकारीलाई दबाब तथा धम्की आइरहेको विश्वविद्यालय स्रोतको दाबी छ ।

**विवाद के हो ?**

विभाग प्रमुख प्रा.डा. युवराज लुईंटेलको पदावधि सकिनुअघि विभागले विभागीय प्रमुख नियुक्तिको लागि प्रक्रिया अगाडि बढाएको थियो । ३२ साउन २०८१ मा पदावधि सकिएका प्रमुख लुईंटेलले साउनको पहिलो हप्ता कार्यविधिको आधारमा विभागीय प्रमुख नियुक्तिका लागि नामावली पठाएका थिए । त्यसमा पासाङ शेर्पा, टीकाराम गौतम र मनहरि ढकालको क्रमश पहिलो, दोस्रो र तेस्रो नम्बरमा नाम सिफारिस थियो ।

तर, मानविकी तथा समाजशास्त्र संकायका डीन प्रा.डा.कुसुम शाक्यले विभागले दोस्रो नम्बरमा पठाएको गौतमको नामलाई पहिलो नम्बरमा राखेर सिफारिस गरेको कुरा बाहिरिएपछि विवाद सुरु भएको थियो । डीन शाक्यलाई वरिष्ठताको आधारमा विभागीय प्रमुख हुने व्यवस्था नमिच्न र सिफारिस विवरण सच्याउन एमाले निकटको प्राध्यापक संगठन नेपाल प्रगतिशील प्राध्यापक संघले दबाब दिइरहेको थियो । तर, डीन शाक्यले विवरण रेक्टर कार्यालयमा पठाइसकेको र पदाधिकारीलाई निर्णय गर्ने अधिकार रहेकोले सच्चिएर आउन सक्ने जवाफ दिएकी थिइन् । प्रगतिशील प्राध्यापक संघले डीन शाक्यले राजनीतिक पूर्वाग्रह राखेर पहिलो नम्बरमा नेपाली कांग्रेस निकट गौतमको नाम राखेको आरोप लगाउँदै विरोध गरिरहेको छ ।

शुक्रबार त्रिवि कार्यकारी परिषदको बैठक बसेर निर्णय गर्ने तयारी भइरहेको बेला डीन कार्यालयबाट आएको नामावली अनुसार नियुक्ति गर्न पदाधिकारीमाथि निरन्तर दबाब तथा धम्की आएपछि बैठक बस्न नसकेको पदाधिकारी निकट स्रोत बताउँछ ।

पदाधिकारीमाथि निरन्तर धम्की बढ्दै गएपछि त्रिवि रजिष्ट्रार प्रा.डा.केदारप्रसाद रिजालले शुक्रबार नै आवश्यक सुरक्षाको प्रबन्ध मिलाइदिन अनुरोध गर्दै शिक्षामन्त्रीलाई पत्र पठाएका थिए । पत्रमा उनले उक्त पत्रमा मन्त्रीलाई सम्बोधन गर्दै त्रिवि पदाधिकारीका कार्यालयहरु र निवासहरुमा समेत सुरक्षा व्यवस्था गर्न अनुरोध गरेका थिए । 'त्रिभुवन विश्वविद्यालयमा तत्काल देखिएको असहज परिस्थितिका कारण विश्वविद्यालय पदाधिकारीहरु तथा केन्द्रीय कार्यालय परिसर, कीर्तिपुरको सुरक्षा व्यवस्था चुनौतीपूर्ण बन्दै गएको र असुरक्षाको महसुस बढ्न गएको हुँदा' भन्दैमा पत्रमा 'नेपाल सरकार गृहमन्त्रालय मार्फत पदाधिकारीहरु उपकुलपतिज्यू, शिक्षाध्यक्षज्यू, र रजिष्ट्रारको निजी आवास र केन्द्रीय कार्यालय परिसर कीर्तिपुरको सुरक्षार्थ आवश्यक प्रबन्धका लागि सादर अनुरोध गर्दछु' भनिएको छ ।

मन्त्रालयले उक्त पत्र शुक्रबार नै गृह मन्त्रालय 'फरवार्ड' गर्ने भनेपनि पत्र शिक्षा मन्त्रालयमै अड्किएको थियो । तर, मन्त्री भट्टराई त्रिवि पदाधिकारीको सुरक्षा व्यवस्था गर्न निरन्तर समन्वय गरि रहेको बताउँछिन् । संचारकर्मीसँग कुराकानी गर्ने क्रममा मन्त्री भट्टराईले लगातार पाँच दिनदेखि कुलपतिसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली तथा गृहमन्त्री रमेश लेखकसँग समन्वय भइरहेको बताइन् ।

उनले भनिन्, 'मेरो समन्वय लगातार पाँच दिनदेखि भइरहेको छ, प्रधानमन्त्री, गृहमन्त्री सबैसँग । तर पनि यतिले पुगेन भन्ने लागेर मैले एकदम परिपक्व हिसाबले लेखेको हो, तर ती व्यक्तिहरुबाट थ्रेट आउने कुरा रोकिएन । त्यो नरोकिएपछि सार्वजनिक अपिल गरेको हुँ । यो सरकारसँग गरिएको अपिल होइन यो, सार्वजनिक अपिल हो, आम जनतासँगको अपिल हो यो ।'

डीन कार्यालय स्रोतका अनुसार डीनलाई रेक्टर कार्यालयले दोस्रो नम्बरमा रहेका सहप्राध्यापकको नाम पहिलो नम्बरमा पठाएपछि स्पष्टीकरण सोधेको छ । तर, डीन कार्यलयबाट जवाफ नआएको स्रोतको भनाइ छ । तर, डीन कार्यालयबाट आएको नामावली अनुसार नियुक्ति गर्न दबाब तथा धम्की दिने क्रम भने जारी रहेको शिक्षामन्त्रीको बुधबारको अपिलले संकेत गरेको छ ।

**पटक पटक विवादमा तानिए गौतम**

विभागले दोस्रो नम्बरमा सिफारिस गरेको टीकाराम गौतमलाई डीन कार्यालयले पहिलो नम्बरमा विभागीय प्रमुखमा सिफारिस गरेपछि विभाग प्रमुख नियुक्ति प्रकरणमा सहप्राध्यापक गौतम फेरि विवादमा तानिएका छन् । यसअघि प्रा.डा.युवराज लुईंटेल नियुक्ति हुनेबेलामा पनि उनी विवादमा तानिएका थिए ।

एक वर्ष बढी निमित्त प्रमुख भएर नेतृत्व गरिसकेका गौतमलाई तत्कालीन उपकुलपतिले चोर बाटोबाट निमित्त बनाएको आरोप लाग्ने गरेको छ । तत्कालीन विभागीय प्रमुख प्रा.डा.तुलसीराम पाण्डेको कार्यकाल सकिन केही महिना बाँकी रहँदा नै तत्कालीन उपकुलपति प्रा.डा.तीर्थ खनियाँले प्रमुख पाण्डेलाई राजीनामा दिन लगाएर २०७६ असारमा गौतमलाई निमित्त विभाग प्रमुख बनाएका थिए ।

त्यसबेला पूर्ण कार्यकाल नेतृत्वको लागि गौतमले दौडधुप गर्न थालेपछि विभागका शिक्षक तथा प्राध्यापकहरु विभाजित भए । केहीले तत्कालीन समयमा दुबै जना सहप्राध्यापक भएपनि वरिष्ठताको आधारमा गौतम लुईंटेलको विद्यार्थी भएको हिसाबले लुईंटेल विभागीय प्रमुख बनाउनुपर्ने र केहीले गौतम पनि सहप्राध्यापक नै भएको र निमित्त पनि भएकोले उनैलाई पूर्ण कार्यकालको लागि विभागीय प्रमुख बनाउनुपर्छ भन्ने मत राखेका थिए ।

तर, वरिष्ठताको आधारमा हुने हो भने त्यसबेला प्रा.सुरेन्द्र मिश्र विभागीय प्रमुख हुन्थे । लामो समय यो विषय विवादमै रह्यो । विवादका कारण उपकुलपति प्रा.डा.धर्मकान्त बास्कोटाले वरिष्ठताको आधारमा केन्द्रीय विभागीय प्रमुख नियुक्त गर्ने कार्यविधि ल्याए । उक्त कार्यविधि अनुसार प्रा.डा.युवराज लुईंटेल विभागीय प्रमुख बने ।

यसरी गौतमले नियुक्ति नपाए पछि विभिन्न बहानामा नेविसंघको हरि आचार्य र योगेन्द्र रावल समूहले गौतम नियुक्त हुनुपर्ने माग राखेर विभागमा तालाबन्दी गरे । करिब तीन महिनासम्म ताला नखोलेपछि ताला फुटाएर पनि विभाग खुलाउनुपर्ने आवाज शिक्षकहरुले उठाए । यसरी ताला खोल्नुपर्छ भनेर आवाज उठाएकै कारण यो समूहले आफूलाई सांघातिक आक्रमण गरेको उपप्राध्यापक प्रेम चलाउने बताउने गरेका छन् । चलाउनेले किटानी जाहेरी दिएका थिए ।

चलाउने आक्रमणमा काठमाडौं जिल्ला अदालतले समेत आचार्य, रावल सहितका पाँच जनालाई दोषी ठहर गरेको छ । तर, उनीहरु उच्च अदालतमा पुनरावेदन गएकोले मुद्दा विचाराधिन छ । तर, गौतम भने डीन कार्यालयले आफ्नो नाम पहिलो नम्बरमा सिफारिस गरेको समाचार पढेर मात्रै थाह पाएको बताउँछन् । उनी भन्छन् 'विभागले सोधेर सिफारिस गर्ने होइन, डीन कार्यालयले पनि । मैले समाचार पढेर थाह पाइरहेको छु । अरु मलाई थाहा छैन ।'

**धम्की दिने समूह पुरानै**

शिक्षा मन्त्री भट्टराईले त्रिविमा धाक धम्कि दिने लामो समयदेखिको समस्या रहेको भनेर विगतमा धाकधम्की दिने समुह माथि समेत प्रश्न उठाए पनि अहिलेसम्म पदाधिकारीहरुले कसले कसलाई धम्क्याएको हो भनेर खुलाएका छैनन् । तर त्रिवि पदाधिकारी स्रोतका भनाइमा विभिन्न नम्बरबाट धाकधम्की दिने, मेसेज पठाउने गरिएको छ । मौखिक र लिखित ती धम्कीहरु यति निकृष्ट छन् कि 'सिध्याइदिने' भन्ने सम्म उल्लेख छ ।

प्रहरी प्रशासनले प्रभावकारी अनुसन्धान गर्ने हो यसरी धम्कि दिनेहरु सहजै पत्ता लाग्नेछन् । किनकी तिनले पठाएका मेसेज र गरेका फोन कलहरुको विवरणबाट यो सहजै पत्ता लाग्छ । त्रिवि पदाधिकारी निकट एक कर्मचारीका भनाइमा, 'पुरानै समूहका व्यक्तिहरु र उनीहरुका वरिपरिका व्यक्तिहरु यो काममा संलग्न छन् भन्ने सहजै थाहा हुन्छ ।' शुक्रबार बस्ने कार्यकारी परिषदले विभागीय प्रमुख नियुक्ती सम्बन्धमा निर्णय गर्ने तयारी थियो । सोही अनुसार विभागका शिक्षक तथा कर्मचारी आइतबार नयाँ विभाग प्रमुखलाई स्वागत गर्न तम्तयार थिए । तर, दबाब तथा धम्कीको कारण बैठक बस्न नसकेको भन्ने कुरा बुधबार मात्रै थाह पाएको विभागका एक शिक्षक बताउँछन् ।

उनको भनाइ अनुसार गौतमलाई विभागीय प्रमुख बनाउन नेविसंघको रावल समूह सक्रिय भइरहेका थिए । उनीहरुले नै पदाधिकारीलाई धम्की दिएको उनको भनाइ छ । तर, रावल समूहको धम्कीकै कारण पदाधिकारी घरमा बस्नुपर्ने जरुरी नभएको उनको भनाइ छ । उनी त्रिवि पदाधिकारी आवश्यकता भन्दा बढी त्रसित भएको आरोप बताउँछन् । उनी भन्छन् हो 'उहाँहरुमाथि रावल लगायत केहीले धम्की दिएकै हो तर त्रसित भएर घरमा बस्नुभन्दा किटानी जाहेरी दिनुपर्थ्यो । उहाँहरु अलि बढी नै त्रसित हुनुभयो ।'

अहिलेको कार्यविधि अनुसार डीनको गल्ती कार्यकारी परिषद्ले सच्याउन सक्ने भएकोले निर्णय गरिहाल्नुपर्ने उनको भनाइ छ । उनी भन्छन् 'त्यस्तरी डराएको हो भने समाजशास्त्रका निवर्तमान विभाग प्रमुख प्रा.डा.युवराज लुईंटेल काठमाडौं छोडेर हिँड्नुपर्थ्यो । यसले त झन् गुण्डा प्रवृत्तिलाई महत्व दिएको जस्तो देखियो ।'

प्रा.मधुसुदन सुवेदी पदाधिकारीले कानुनी व्यवस्था अनुसार स्पष्ट र पारदर्शी निर्णय गर्नुपर्ने बताउँछन् । 'यसमा कसैको दबाब अथवा धम्कीमा किन अल्झने ?' उनी भन्छन् 'यो यो व्यवस्था अनुसार विभागीय प्रमुख बनाइएको हो भनेर सबैले बुझ्ने भाषामा पारदर्शी बनाइदिनुपर्छ ।' अहिलेको झगडा एमाले र कांग्रेसको भन्ने स्पष्ट देखिएकोले कसैको राजनीतिक आग्रह पूर्वाग्रहले विश्वविद्यालय प्रभावित हुन नहुने उनको भनाइ छ ।

त्रिवि विश्वविद्यालय क्याम्पसको स्ववियुले भने विज्ञप्ति जारी गर्दै त्रिवि पदाधिकारीले आफ्नो असक्षमतालाई ढाकछोप गर्न अनर्गल प्रचारबाजीमा लागेको आरोप लगाएको छ । स्ववियु अध्यक्ष श्यामराज ओझाले विज्ञप्तिमा भनेका छन् 'विश्वविद्यालय परिसरमा अत्यधिक प्रहरी जम्मा गरी रणभूमि जस्तो बनाउँदै पदाधिकारीहरुले आफ्नो शैक्षिक तथा प्रशासनिक असक्षमतालाई ढाकछोप गर्न अनर्गल प्रचारबाजीमा जानु दुखद छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'सतीदेवी' प्रिमियर: मलिकाको अभिनयको वाहवाही

काठमाडौं/अभिनेत्री मलिका महतलाई जुत्ताको माला र कालोमोलो दलेको अवस्थामा प्रस्तुत गर्दै पहिलो पोस्टर सार्वजनिक भएदेखि नै चर्चामा रहेको फिल्म 'सतीदेवी' कृष्ण जन्माष्टमीको अवसर पारेर यही शुक्रबार अर्थात् भदौको ७ गतेबाट प्रदर्शनमा आउँदैछ । प्रदर्शनपूर्व नै केही फेस्टिभलमा महत्त्वपूर्ण विधामा अवार्ड समेत जितिसकेको फिल्मले ट्रेलरबाट सशक्त दृश्यभाषाको संकेत गरि सकेको छ ।



यसैबीच, प्रदर्शनको तीन दिनअघि मंगलबार साँझ काठमाडौंको कमलपोखरीस्थित बिग मुभिजमा फिल्मको प्रिमियर गरियो । जहाँ फिल्मको कथावस्तु र कलाकारको अभिनयको फिल्मकर्मीहरुले खुलेरै प्रशंसा गरे । अभिनेत्री गौरी मल्लले हरेक कलाकारहरुको अभिनय राम्रो रहेको बताउँदै उठाउन आवश्यक विषयमा फिल्म बनाएकोमा निर्देशक (लक्ष्मण सुवेदी)लाई धन्यवाद व्यक्त गरिन् ।

अभिनेत्री पूजा शर्मालाई भने 'सतीदेवी'ले आफ्नै कथा उठाएको महसुस भएको रहेछ । उनले भनिन्, 'मेरो कथा नै फिल्मले बोलेको छ । म पनि सतीदेवी हो । यो मेरै कथामा बनेको फिल्म जस्तो लागिरहेको छ ।' यस्तो विषयमा फिल्म बनाउनु नै ठूलो आँट रहेको बताउँदै उनले अभिनेत्री मलिका महतको अभिनयको पनि तारिफ गरिन् । उनलाई यो फिल्म हरेक छोरीहरुले हेर्नुपर्छ भन्ने लाग्छ ।

अर्की अभिनेत्री मिरुना मगरले पनि मलिकाको प्रशंसा गरिन् । 'मलाई पनि मलिकाको काम एकदमै मनपऱ्यो । उसले फिल्मलाई नै सशक्त रुपमा अगाडि बढाएको छ । फिल्मले हामी महिलालाई त छुन्छ नै छुन्छ, अझ पुरुषहरुले हेर्नुपर्छ जस्तो लाग्छ । फिल्ममा गहिरो सन्देश छ,' उनले भनिन् । 'सतीदेवी'ले उठाएको कथा आफूले कहिल्यै नभोगेको भएपनि धेरै सुनेको मिरुनाको अनुभव छ ।

अभिनेता सलोन बस्नेतले पनि 'सतीदेवी'को कथावस्तु र मलिकाको कामको प्रशंसा गरे । मलिकासँग फिल्म 'यात्रा'मा एकसाथ काम गरेका उनले भने, 'मलिकासँग हामीले 'यात्रा'मा एकसाथ काम गरेका थियौं । त्योबेला नै ऊ आफ्नो काममा एकदमै गम्भीर थियो । 'यात्रा'देखि 'सतीदेवी'सम्म आइपुग्दा उसले गजब काम गरिरहेको छ । 'सतीदेवी' मलिकाको लागि भएपनि हेरिदिन आग्रह गर्दछु ।'

'यात्रा'मा मलिकाको जोडी भएर काम गरेका अभिनेता सलिनमान बनियाँ पनि प्रिमियरमा पुगेका थिए । उनले पनि मलिकाकै बढी प्रशंसा गरे । 'मलिकाले सतीदेवीको रोलमा गरेको काम पनि राम्रो लाग्यो । 'यात्रा' उहाँको पहिलो फिल्म थियो । त्यहाँबाट यहाँसम्म आइपुग्दा उहाँको काममा एकदमै निखारता देखिएको छ । फिल्म हेर्दा मलाई मलिका 'सतीदेवी' नै महसुस भइरह्यो,' उनले भने ।

प्रिमियरमा उपस्थित अधिकांश फिल्मकर्मीहरुले कामको प्रशंसा गर्दा मलिका हर्षित भावमा देखिएकी थिइन् । 'फिल्म हेरि सकेपछि धेरैले अंगालो मार्नुभयो । त्यो कुराले 'इमोसनल' पनि भएँ । र, धेरै खुसी पनि लागेको छ,' उनी सुनिइन् । प्रिमियरमा अभिनेत्री तथा निर्देशक दीपाश्री निरौला, निर्देशकहरू नवल नेपाल, ज्ञानेन्द्र देउजासहित उल्लेख्य रुपमा सञ्चारकर्मीहरुको पनि उपस्थिति थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com


ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

# तीन जनालाई विद्यावारिधि पढाउँदै चित्लाङको विश्वविद्यालय

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ मकवानपुरको चित्लाङमा स्थापना गरिएको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले जैविक कृषि विषयको स्नातकोत्तर (मास्टर्स डिग्री) र विद्यावारिधि (पिएचडी) को पढाइ सुरु गरेको छ ।

गत मंसिरदेखि अर्गानिक एग्रिकल्चर, फरेष्ट बायोमेटिरियल, आर्टिफिसीयल ईन्टेलिजेन्स र डाटा साइन्सको माष्टर्स र पिएचडीको पढाइ भइरहेको विश्वविद्यालय विकास समितिका अध्यक्ष राजेन्द्रध्वज जोशीले जानकारी दिएका छन् । सरकारले स्वीकृति दिएको चारवर्ष नपुग्दै विश्वविद्यालयले पढाई संचालनमा ल्याएको हो ।

अहिले विश्वविद्यालयमा ३ जना विद्यार्थीले पिएचडी र १३ जना विद्यार्थीले माष्टर्स डिग्री पढ्दैछन् । विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी चित्लाङमै कोठा लिएर बसेका छन् । विश्वविद्यालयका अधिकांश प्राध्यापक काठमाडौंबाट आउजाउ गर्छन् । विश्वविद्यालयमा पठनपाठन र अनुसन्धान गर्न गराउन विदेशबाट विशेषज्ञ प्राध्यापक आउने गरेका छन् । विश्वविद्यालयले पहिलो वर्ष नै ३२ जनालाई पढाउने लक्ष्य लिएको थियो । तर, विद्यार्थी छनोट गर्ने क्रममा १६ जनामात्र उत्कृष्ट भएकाले उनीहरुलाई पढाउन थालिएको जोशीले जानकारी दिएका छन् ।

विश्वविद्यालयले आगामी ५ वर्षको अवधिमा ८ सय विद्यार्थीलाई पढाउने लक्ष्य लिएको छ । थाहा नगरपालिका-९ चित्लाङमा विश्वविद्यालयले गुणस्तरयुक्त पठनपाठन र अनुसन्धान गर्न भवनलगायत प्रयोगशाला, सभाहल, अडिटोरियम लगायत निर्माण गरेको छ । करिब एक अर्ब रुपैयाँ लागतमा स्थापना गरिएको यो विश्वविद्यालयको चार वटा भवनमध्ये अब एउटा तयार हुन बाँकी रहेको छ । राजधानी प्रवेशनाका थानकोटबाट पश्चिमतर्फ



१२ किलोमिटर दुरीमा चित्लाङ रहेको छ ।

विश्वविद्यालयलाई आवश्यक पर्ने विद्युत् सौर्यउर्जामार्फत उत्पादन गरिएको छ । एक सय वटा सोलार प्यानलबाट ५ सय किलोवाट विद्युत् उत्पादन हुन्छ । अहिले विद्युत् आवश्यक नपरेकाले नेपाल विद्युत् प्राधिकरणको ११ केभीए प्रसारण सिस्टममा जडान गरिएको छ । विश्वविद्यालयमा उत्पादित विद्युत् पालुङ वितरण केन्द्रको प्रणालीमा जोडिएको हो । उत्पादित बिजुली नेट मिटरिङको माध्यममार्फत पालुङमा जडान गरिएको पालुङ वितरण केन्द्रले जनाएको छ । विश्वविद्यालयले प्राधिकरणलाई प्रतियुनिट ५ रुपैयाँ ८४ पैसामा बिक्री गरेको बताइएको छ ।

विश्वविद्यालयले प्रतिवर्ष करिब ३० लाख रुपैयाँ बराबरको विजुली प्राधिकरणलाई बिक्री गर्नसक्छ । विजुली बिक्रीबाट पनि सहयोग पुगेको विश्वविद्यालयले जनाएको छ । 'विश्वविद्यालय पूर्णरुपमा संचालनमा आउँदा ५ सय किलोवाट विद्युत् खपत हुन्छ,' अध्यक्ष जोशीले भने, 'विश्वविद्यालयलाई निरन्तर विद्युत् आवश्यक पर्ने भएकाले आफैंले उत्पादन गरेको हो ।'

करिब १३ करोड रुपैयाँ लागतमा सौर्यउर्जामार्फत् विद्युत् उत्पादन गरिएको प्लान्टलाई 'पम्प स्टोरेज पावर प्लान्ट' भनिन्छ । विद्युत्‌को आपूर्ति रोकिन गएमा तत्कालै उत्पादन गर्न पम्प स्टोरेज पावर प्लान्ट निर्माण गरिएको अध्यक्ष जोशीले बताए । उनका अनुसार यो प्रविधि नेपालकै पहिलो हो । सरकारले चित्लाङको ताकाटारमा स्वच्छन्दभैरव माविको नाममा रहेको १ सय ८० रोपनी जग्गाको भोगाधिकार विश्वविद्यालयलाई दिएको थियो । अब थप ८ सय रोपनी जग्गाको भोगाधिकार उपलब्ध गराउन प्रक्रिया सुरु गरिएको अध्यक्ष जोशीले बताए ।

थानकोटदेखि चित्लाङ सम्मको फराकिलो र कालोपत्र गर्ने काम भइरहेको छ । पर्यटकीयक्षेत्र चित्लाङमा सञ्चालनमा आएको विश्वविद्यालयले देशविदेशमा पहिचान गराउने काम भएको थाहा नगर प्रमुख विष्णु विष्ट बताउँछन् । थाहा नगरमा स्थापना भएको विश्वविद्यालयले स्थानीय निकायसँग सहकार्य गरिरहेको नगरप्रमुख बिष्टले जानकारी दिएका छन् ।

# बागमतीमा ९९.९७ प्रतिशत राष्ट्रिय ग्रिडबाट विद्युतीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ नेपालका सात प्रदेशमध्ये बागमती प्रदेशमा राष्ट्रिय ग्रिडबाट ९९ दशमलव ९७ प्रतिशत विद्युतीकरण भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार मुलुकका ५ सय ३९ स्थानीय तह पूर्णविद्युतीकरण भएका छन् । ७ सय ५३ स्थानीय तहमध्ये १ सय ९६ मा आंशिक विद्युतीकरण भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । जसमध्ये बागमती प्रदेशका सबै जिल्लामा राष्ट्रिय प्रशासन विद्युत पुगेको छ । बागमती प्रदेशका १३ जिल्लामध्ये काठमाडौं, ललितपुर, भक्तपुर, रामेछाप, नुवाकोट र चितवनमा शतप्रतिशत विद्युतीकरण भएको छ ।

बाँकी जिल्ला मकवानपुर, सिन्धुली, रसुवा, काभ्रे, सिन्धुपाल्चोक, रसुवा र धादिङमा पनि ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको प्राधिकरणले जनाएको छ । राष्ट्रिय प्रसारण ग्रिड नपुगेका जिल्ला वा स्थानीय तहमा स्थानीय बासिन्दाले लघुजलविद्युत् र सौर्यऊर्जाबाट बिजुली उपभोग गरिरहेको प्राधिकरणले जनाएको छ । जस्तै, मकवानपुरको राक्सिराङ र कैलाश गाउँपालिकमा अझै पनि स्थानीयले लघुजलविद्युत् र सौर्यऊर्जाबाट बिजुली उपभोग गरिरहेका छन् । मकवानपुरकै विकट राक्सिराङ र कैलाश गाउँपालिका पूर्णविद्युतीकरणको प्रयासमा लागि परेका छन् । प्राधिकरणले विस्तृत अध्ययन गरी तयार पारेको 'विद्युतीकरण तथ्यांक २०८१' अनुसार कुल जनसंख्याको ९९ प्रतिशतमा विद्युत् पुगेको जनाइएको छ । मुलुकभरिका स्थानीय तहको अध्ययनबाट यो तथ्यांक तयार पारिएको प्राधिकरणले जनाएको छ । यस्तै विद्युत् ग्राहक संख्या सामुदायिक सहित ५९ लाख ३५ हजार पुगेको छ । ७ प्रदेशमध्ये मधेशमा शतप्रतिशत विद्युतीकरण भएको छ । कर्णाली प्रदेशमा सबैभन्दा कम अर्थात् ७४.३८ प्रतिशतमात्र विद्युतीकरण भएको छ । ७७ जिल्लामध्ये हुम्लामा अझै राष्ट्रिय प्रसारण ग्रिड पुग्नसकेको छैन ।

# चन्द्रागिरिका उपभोक्तालाई थाहाको तरकारी

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/थाहा नगरमा उत्पादित तरकारी सीधै चन्द्रागिरि नगरका उपभोक्ताले उपभोग गर्न पाउने गरी व्यापारिक व्यवस्थापन मिलाइएको छ ।

थाहा नगरपालिका-३ र चन्द्रागिरि नगरपालिका-१४ बीच सम्बन्ध स्थापित गरी किसानको खेतदेखि उपभोक्ताको भान्छासम्म तरकारी उपजलाई सीधै जोड्ने प्रयास गरिएको हो । चन्द्रागिरि नगरप्रमुख घनश्याम गिरीले १४ नम्बर वडाको बिक्रीकेन्द्रमै पुगेर केही तरकारी किने । त्यस क्रममा उनले भने, 'यो निकै राम्रो काम हो, विदेशमा मैले यसबारे अध्ययन गरेको छु ।' कृषकले उत्पादन गरेको तरकारी उपज सीधै उपभोक्ताले खरिद गर्ने वातावरण बन्दा यसबाट उपभोक्ताको पैसा पनि बचत हुने र ताजा पनि पाइने भएकोले धेरै फाइदा हुने उनको विश्वास छ ।

चन्द्रागिरी-१४ वडा कार्यालयको आयोजनामा शनिबार एक दिनका लागि दोस्रो सहरी हाटबजार लागेको थियो । सोही हाटबजारमा थाहा नगरपालिका-३ कार्यालयले करिब दुईटन विविध तरकारी पठाएको थियो । थाहानगरबाट आएको तरकारी बिक्रीका लागि चन्द्रागिरी-१४ वडा कार्यालयले छुट्टै स्टलको व्यवस्था गरेको थियो । स्टलमा ब्यानर र तरकारीको मूल्यसूची समेत राखिएको थियो ।

चन्द्रागिरी-१४ का वडाअध्यक्ष राजभाइ महर्जनले थाहा नगरपालिका-३ र आफ्नो वडा मिलेर कृषक र उपभोक्तालाई सीधै जोड्नेगरी परीक्षण अभ्यास गरिएको र यसबाट पाठ सिकेर अघि बढ्न दुवै वडा कार्यालय तयार रहेको बताए । सहरी हाटबजारको अवलोकन गर्न थाहा नगरपालिका-३ का वडाअध्यक्ष एवम् नगरका आर्थिक विकास समिति संयोजक हिरेन्द्रकुमार रायमाझीको नेतृत्वमा एक टोली पुगेको थियो । गत २६ साउनमा थाहा नगरपालिका र चन्द्रागिरि नगरपालिका प्रतिनिधिबीचको छलफल भने फलदायी हुने देखिएको थाहा-३ का वडाअध्यक्ष रायमाझीले बताए । थाहाका नगरप्रमुख विष्णु विष्ट, उपप्रमुख भरत गोपालीसहित चन्द्रागिरिका जनप्रतिनिधिसँगको छलफलको निष्कर्ष रहेको थियो, 'हामीले कृषिउपजको बजारीकरणका धेरै उपायबारे सोच्यौं, छलफल गर्‍यौं तर, काम भएन । यसपटक कुरामात्र होइन, काम गरिहालौं, बीचमा आएका चुनौतिबाट पाठ सिकेर अघि बढौंला ।'

यही निष्कर्षलाई टेकेर अहिलेलाई थाहा-३ र चन्द्रागिरि-१४ कार्यान्वयनमा कस्सिएका हुन् । आगामी दिनमा थाहाका बढी तरकारी उत्पादन हुने वडाबीच समन्वय गरिने र चन्द्रागिरिका अन्य वडाका बिक्री केन्द्रसम्म तरकारी पठाउने तयारी भइरहेको वडाअध्यक्ष रायमाझीले जानकारी दिए ।

# थाहामा जेसीज कप डबल ब्याडमिन्टन प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/पालुङ जेसीजको आयोजनामा मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरमा पहिलो पटक जेसीज कप डबल ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ ।

आगामी भदौ १३ गतेदेखि १५ गतेसम्म थाहा नगरपालिका-४, स्थित थाहा ब्याडमिन्टन कबर्ड हलमा प्रतियोगिता आयोजना गर्न लागेको पालुङ जेसीजका अध्यक्ष निरज रायमाझीले जानकारी दिए । खेलको माध्यमबाट समाजमा रहेका युवालाई जागरुक बनाई समाजमा क्रियाशील राखी समाज निर्माण, समाजको समृद्धि र विकासमा सहयोग हुने उद्देश्यले प्रतियोगिता आयोजना गरेको जेसीजका अध्यक्ष रायमाझीले बताए ।

प्रतियोगिताको लागि नाम दर्ता गर्ने अन्तिम मिति बिहिबारसम्म रहेको आयोजकले जनाएको छ । प्रतियोगितामा प्रथम, दोस्रो हुनेले क्रमश: नगद १० हजार, ७ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । हरेक विधागततर्फ उत्कृष्ट हुने खेलाडीलाई पनि पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । हरेकवर्ष आयोजना हुने प्रतियोगिताका लागि प्रथम पुरस्कार स्वर्गीय रणबहादुर रायमाझीका तर्फबाट प्रायोजना गर्ने भएको छ ।

## डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ,
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- पानी राखेको भाँडालाई छोपेर राखौं,
- लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं,
- अध्यारो कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं,
- एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्

७०% बैंकिङ सुविधा




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
Singhabahini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत **लामा फ्रेस मिट सप**
अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...

## ओम फ्रेस मिट सप

## तपाईंको सेवामा






यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।

प्रोप्राइटर:
नुतन लामा

ओम फ्रेस मिट सप
हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)
सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१



DFSK EC 36
" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "
हाम्रो ई.भी. सेवा
हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो
काठमाण्डौं काउन्टर:-०१-५४०४४४४, ९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो हस्पिटल सँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०
सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना